प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

प्रदेश नं. १, विराटनगर

## अपाङ्गता ग्राम सञ्चालनको लागि प्रस्ताव आह्वान गरिएको

*प्रथम पटक प्रकाशित मिति २०७६/०१/२७*

नेपाल सरकार, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आ.व. ०७५/७६ को स्वीकृत बार्षिक राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक विकास मन्त्रालयमार्फत कार्यान्वयन हुनेगरि सार्वजनिक निजी साझेदारीमा अपाङ्गता ग्राम सञ्चालन गर्नको लागि कार्यक्रम स्वीकृत भएकाले उक्त कार्यक्रम सञ्चालन गर्न इच्छुक देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि योग्यता पुगेका प्रदेश नं. १ मा कार्यरत अपाङ्गताको क्षेत्रमा क्रियाशिल संस्थाहरुलाई १५ दिनभित्र आवश्यक कागजात संलग्न गरि प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रदेश नं. १ मा अपाङ्गता ग्राम सम्बन्धी कार्यसञ्चालन गर्नुपर्नेछ।
२. अपाङ्गता ग्राम सञ्चालनको लागि उपयुक्त भौतिक संरचना भएको र भावी आवश्यकता अनुसार उपयुक्त भौतिक संरचना थप गर्न सकिने गरि संस्थाको नाममा तराईमा कम्तिमा दुई विगाहा र पहाडी वा हिमाली क्षेत्रमा भए कम्तिमा २५ रोपनी जग्गाको क्षेत्रफल भएको हुनुपर्नेछ।
३. अपाङ्गताको क्षेत्रमा कम्तिमा १० बर्षको कार्यानुभव भएको संस्था हुनुपर्नेछ।
४. अपाङ्गता भएका नागरिकहरुको पुनर्स्थापना, स्वास्थ्य उपचार, परामर्श, थेरापी लगायतका कार्यहरु गरेको अनुभव भएको हुनुपर्नेछ।
५. प्रदेश सरकारसँगको साझेदारीमा काम गर्न सहमत हुनुपर्नेछ र प्रदेश सरकारको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा संस्थाले ग्रामको व्यवस्थापन र सञ्चालन गर्नुपर्नेछ।

<u>आवश्यक कागजातहरु:</u>

१. संस्था दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
२. स्थायी लेखा नं. (PAN)मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
३. गत आ.व. सम्मको करचुक्ता भएको वा करछुटको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
४. गत आ.व. को लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी।
५. समाज कल्याण परिषद् मा आबद्धता भएको तथा प्रदेश सामाजिक विकास परिषद् मा सूचिकृत भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
६. जग्गाधनी प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।
७. संस्थाको स्वामित्वमा रहेको भौतिक संरचनाको वर्तमान अवस्था देखिने विवरणहरु।
८. संस्थाले विगतमा गरेका गतिविधीहरुको प्रगति प्रतिवेदन।